# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» शुक्रबार, असोज १९, २०७५ » Friday, October 5, 2018 » www.newsofnepal.com » नेसं ११३८ ञलागा ११ » वर्ष २४, अंक २६९ » पृष्ठ १२ » मूल्य रू १०/–









संयुक्त राष्ट्रसंघको ७३औं महाधिवेशनमा सहभागी भएर स्वदेश फर्कने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीलाई स्वागत गर्दै उहाँका समर्थक । तस्वीर : नेस

# नागरिकता ऐन शंकाको घेरामा

गंगा बराल, काठमाडौं

सरकारले संसद्मा प्रस्तुत गरेको नेपाल नागरिकता ऐन-२०६३ लाई संशोधन गर्न बनेको विधेयक शंकाको घेरमा परेको छ।

संघीय संसद् सचिवालयमा दर्ता भएर संसद्मा छलफल भई राज्य व्यवस्था समितिमा आएको विधेयकमा गृहमन्त्री रामबहादुर थापाले हस्ताक्षर गर्नुपर्नेमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले हस्ताक्षर गर्नुभएको छ।

स्रोतका अनुसार विधेयकमा गृहमन्त्री रामबहादुर थापाले असन्तुष्टि जनाएपछि उपप्रधानमन्त्री पोखरेलले हस्ताक्षर गर्नुभएको बताइएको छ। विधेयकमा असहमति व्यक्त नगर्ने सर्तमा मन्त्री थापा चुपचाप लागेको स्रोतको दाबी छ।

गृह मन्त्रालयका प्रवक्ता रामकृष्ण सुवेदीले त्यसबारे आफूलाई जानकारी नभएको बताउनुभयो। 'गृहमन्त्रीले किन हस्ताक्षर गर्नुभएन भन्ने बुझ्नुपर्छ अहिले नै भन्न सकिएन।' -प्रवक्ता सुवेदीले भन्नुभयो। संसद् सचिवालयमा साउन २२ गते प्रतिनिधिसभाको विधेयक शाखामा दर्ता भएर ६ दिनपछि संसद्मा उक्त विधेयक प्रस्तुत गरिएको थियो।

विधेयक संसद्मा पनि मन्त्री पोखरेलले नै प्रस्तुत गर्नुभएको थियो। संसद्मा सामान्य छलफलपछि भदौ ४ गते समितिमा पठाइएको संसद् सचिवालयले जनाएको छ। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा अहिलेसम्म छलफल भएको छैन। समिति उपसचिव बबिता मिश्रले आज शुक्रबार सरोकारवाला महिलासँग छलफल हुने जानकारी दिनुभयो।

मन्त्री पोखरेलद्वारा प्रस्तुत विधेयकमा भनिएको छ- 'संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने सुनिश्चितता प्रदान गरिनुका साथै प्रादेशिक पहिचासहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ।



नेपाल सरकार
गृह मन्त्रालय

उद्देश्य र कारण

नेपालको संविधानको भाग २ अर्न्तगत धारा १० देखी धारा १५ सम्म नागरिकता सम्बन्धी व्यवस्था गरिएकोमा उक्त धाराहरुमा व्यवस्था गरिएदेखि बाहेक नागरिकता सम्बन्धी अन्य विषयका हकमा संघीय कानून बमोजिम हुने व्यहोरा उल्लेख छ । संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने सुनिश्चितता प्रदान गरिनुका साथै प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ । संविधानले निर्दिष्ट गरे बमोजिम नागरिकता सम्बन्धी विषयमा व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक यस सम्मानीत प्रतिनिधि सभा समक्ष पेश गरेको छु ।

ईश्वर पोखरेल
उपप्रधान तथा रक्षा एवं गृहमन्त्री

संशोधित विधेयकको दफा ८ को 'क' मा 'नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि निवेदन परेपछि परिवारका सदस्यले तोकिएको अधिकारी समक्ष उपस्थित भई तोकिएबमोजिम सनाखत गर्नुपर्नेछ' उल्लेख गरिएको छ। परिवारका सदस्यलाई जिम्मेवार बनाउन यो व्यवस्था गरिएको विधेयकमा उल्लेख छ।

यो विधेयक पारित भए यसको नाम 'नेपाल नागरिकता (पहिलो संशोधन) ऐन-२०७५' रहनेछ। दोस्रो जनआन्दोलन २०६२/०६३ पछि जथाभावी नागरिकता बाँडिएको आरोप लागिरहेका बेला अहिले आएको विधेयक झन् कमजोर भएको र हचुवाका भरमा ल्याइएको भन्दै सरोकारवालाले असन्तुष्टि व्यक्त गरेका छन्।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सहप्रवक्ता हुमबहादुर केसीले गृहमन्त्री नभएका बेला विधेयक आएको र अर्को मन्त्रीको हस्ताक्षर भएको हुन सक्ने बताउनुभयो। 'एक मन्त्री नहुँदा अर्का मन्त्रीलाई जिम्मेवारी दिन मिल्छ त्यस्तै भएको होला भन्ने लाग्छ।' -सहप्रवक्ता केसीले भन्नुभयो।

प्रतिनिधिसभाको कार्य व्यवस्था महाशाखाका प्रमुख वंशीराज पौडेलले विधेयक शाखामा दर्ता भएर आएपछि संसद्को बैठकमा प्रस्तुत गर्ने र अन्य प्रक्रिया त्यसपछि अघि बढ्ने महाशाखामा आएको विधेयक संसद्मा लगिएको बताउनुभयो। पौडेलले विधेयकबारे थप भन्न नसकिने बताउनुभयो।

संशोधित विधेयकमा 'नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र र बाबुको पहिचान हुन नसकेको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक मानिनेछ' भन्ने व्यवस्था छ।

(क्रमशः पृष्ठ ९ मा)

## बलात्कारी भगाएको आरोपमा प्रहरीलाई नै हत्कडी

सुरेश तामाङ, ललितपुर

बलात्कार प्रयास गर्ने अभियुक्त भगाएको आरोपमा प्रहरीकै हातमा हत्कडी लगाइएको छ।

जिल्लाको महाँकाल गाउँपालिका-२ को एक घरमा बिहीबार बेलुका ८ बजे युवकले झ्याल फोरेर घरमा सुतिरहेकी १३ वर्षीय बालिकालाई बलात्कारको प्रयास गर्‍यो। त्यही बेला ऊ गाउँलेको सहयोगमा रंगेहात पक्राउ पर्‍यो। गाउँलेले अभियुक्तलाई राति नै इलाका प्रहरी चौकी गोटीखेलमा जिम्मा लगाए।

(क्रमशः पृष्ठ ९ मा)

# वनमा फेरि पनि वाम बाहुल्य

टीका बन्धन, काठमाडौं

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल (फेकोफोन) मा फेरि पनि वाम बाहुल्य नेतृत्व निर्वाचित भएको छ। काठमाडौंमा सम्पन्न छैंठौ महाधिवेशनबाट दुई तिहाइभन्दा बढी पदाधिकारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) निकटका चुनिएका छन्।

फेकोफोनको करिब अढाइ दशक लामो इतिहासमा नेपाली कांग्रेस निकटका वनकर्मीले अहिलेसम्म अध्यक्षको जिम्मेवारी सम्हाल्ने अवसर पाएका छैनन्। यसपटक उपाध्यक्ष भीमलाल श्रेष्ठबाहेक केन्द्रका सबै महत्त्वपूर्ण जिम्मेवारीमा नेकपा समर्थित पदाधिकारी निर्वाचित भएका छन्। छैठौं महाधिवेशनले निर्वतमान महासचिव भारती पाठकलाई सर्वसम्मतरूपमा अध्यक्षमा चयन गरेको छ भने बहुसंख्यक केन्द्रीय पदाधिकारी पनि निर्विरोध निर्वाचित भएका छन्।

महासचिव, सचिव, कोषाध्यक्षमा क्रमशः बिर्खबहादुर शाही, ठाकुर भण्डारी र पार्वता गौतम चयन हुनुभएको छ। महाधिवेशनले ८८ जना चयन गरेकोमा कांग्रेस समर्थित १६ जना मात्रै केन्द्रमा चुनिएका छन्। देशभरिबाट ८ सयभन्दा बढी प्रतिनिधि सहभागी महाधिवेशनमा कांग्रेस समर्थक ६५ जना मात्रै सहभागी भए। बुधबार काठमाडौंमा सम्पन्न अधिवेशनले आगामी ४ वर्षे कार्यकालका लागि नयाँ पदाधिकारी चयन गरेको हो।

गत वर्षको असोजमा चुनावी तालमेल गर्दै तत्कालीन एमाले र माओवादीको एकीकरणपश्चात् वाम बाहुल्य जमघट बढे पनि फोकोफोनमा भने वर्षौंदेखि वाम प्रभाव रहँदै आएको थियो। फेकोफोनको पहिलो निर्वाचित कार्यसमिति २०५२-०५७ देखि नै तत्कालीन नेकपा एमाले समर्थक वनकर्मीले केन्द्रको नेतृत्व लिँदै आएका छन्। दोस्रो र तेस्रो कार्यसमितिमा कांग्रेस निकटका भोला भट्टराई महासचिवको जिम्मेवारीमा रहनुभएको थियो भने त्यसयता चौथो र पाँचौं कार्यसमितिमा उपाध्यक्ष रहनुभएका श्रेष्ठ अहिले पुनः सोही जिम्मेवारीमा दोहोरिनुभएको छ।

पाँचौं महाधिवेशनमा करिब ७ सय प्रतिनिधि रहेकामा सो बेला पनि कांग्रेस निकट प्रतिनिधि २ दर्जनका हाराहारीमा रहेको फेकोफोनको तथ्यांक छ।

(क्रमशः पृष्ठ ९ मा)

### स्थानीयको अवरोधले बन्दरगाहको काम सरेन

# क्षतिपूर्ति नपाएसम्म बनाउन नदिने चेतावनी

नेपाल समाचारपत्र

काठमाडौं

चोभार क्षेत्रका स्थानीय बासिन्दाले सरकारले आफ्ना माग पूरा नगरेसम्म सुख्खा बन्दरगाह बनाउने कार्यमा अवरोध गरिरहने अडान लिएका छन्। उनीहरूले उक्त कार्य थाल्नुअगाडि हिमाल सिमेन्ट कारखानाले स्थानीय समुदायलाई पुर्‍याएको क्षतिको उचित राहत दिइनुपर्ने, कारखानाको जग्गा स्थानीयलाई नै फिर्ता गरिनुपर्ने, कारखानाका कर्मचारीले अहिलेसम्मकै पारिश्रमिक पाउनुपर्नेलगायतका माग राखेका छन्।

सरकारले चोभारस्थित हिमाल सिमेन्ट कारखानाको जग्गामा सुख्खा बन्दरगाह बनाउने निर्णय गरी काम अघि थाल्न निर्देशन दिएको थियो। सरकारको निर्णयसँगै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको नेपाल इन्टरमोडल यातायात विकास समितिले उक्त कार्यका लागि ठेकेदार कम्पनीसमेत छनोट गरी कार्यक्षेत्रमा खटाइएको थियो।

११ दशमलब ७७ हेक्टर अर्थात् २ सय ३२ रोपनीमा फैलिएको उक्त बन्दरगाह १८ महिनाभित्र सम्पन्न गर्ने गरी चिनियाँ कम्पनी साङ्छी र नेपाली कम्पनी आशिषको ज्वाइन्ट भेन्चरसँग सम्झौतासमेत भएको थियो। उक्त कार्यका लागि विश्व बैंकसँग २२ लाख अमेरिकी डलर ऋण लिने सहमति भइसकेको थियो।

गत साउन ३० गते प्रधानमन्त्रीबाट उक्त बन्दरगाहको शिलान्यास गर्ने कार्यक्रमसमेत तय भइसकेको थियो। स्थानीय जनप्रतिनिधिदेखि विज्ञसम्मको विरोधका कारण उक्त कार्यक्रम नै स्थगित गर्नुपरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# प्रशासकीय इजलास गठनको तयारी

प्रशान्त वली, काठमाडौं

उच्च अदालत मातहत रहने गरी प्रशासकीय इजलास गठनको तयारी तीव्र गतिमा अगाडि बढेको छ।

प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रतिनिधिसभाबाट पारित भएपछि प्रशासकीय इजलास गठन प्रक्रिया अगाडि बढेको प्रशासकीय अदालतका सूचना अधिकारी कमलनारायण मास्केले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

कर्मचारीको सरुवा, बढुवा र विभागीय कारबाहीलगायतका प्रादेशिक क्षेत्राधिकारभित्रका मुद्दा हेर्नका लागि सरकारले राजपत्रमा सूचना प्रकाशन गरेपछि इजलास गठन गर्न सकिने प्रावधान विधेयकमा उल्लेख गरिएको छ। यसअघि केन्द्रमा प्रशासकीय अदालत रहने व्यवस्था थियो।

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा कर्मचारीसँग जोडिएका मुद्दाहरू दर्ता हुँदा मुद्दाको चाप बढेपछि सरकारले कर्मचारीसँग जोडिएका मुद्दा प्रशासकीय इजलासबाट टुंग्याउने निधो गरेको छ।

प्रशासकीय अदालतका सूचना अधिकारी मास्के भन्नुहुन्छ- 'हाल अदालतमा २० वटा मुद्दा दर्ता भएको छ।'

> राष्ट्रिय सभाबाट पारित विधेयकले प्रशासकीय अदालतको केन्द्रीय संरचना नरहने, उच्च अदालतमा नै प्रशासकीय अदालतको काम गर्ने गरी इजलास तय गर्ने कानुनी व्यवस्था गरेको छ।

राष्ट्रिय सभाबाट पारित विधेयकले प्रशासकीय अदालतको केन्द्रीय संरचना नरहने, उच्च अदालतमा नै प्रशासकीय अदालतको काम गर्ने गरी इजलास तय गर्ने कानुनी व्यवस्था गरेको छ।

प्रशासकीय इजलासलाई निजामती, स्वास्थ्य सेवा, संसद् सेवा, सार्वजनिक संस्थामा कार्यरत कर्मचारीको विभागीय कारबाही सरुवा र बढुवासम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार दिइने विधेयकमा उल्लेख गरिएको छ। यद्यपि अहिले विभागीय कारबाही, सरुवा, बढुवाका मुद्दाहरू नियमित अदालतबाट टुंगिने गरेका छन्।

उच्च अदालतको प्रशासकीय मुद्दा हेर्ने इजलासले गरेको आदेश अन्तिम हुनेछ। विधेयकमा प्रशासकीय अदालतको अधिकार क्षेत्रभित्र पुनरावेदन सुन्ने, प्रचलित कानुनबमोजिम कर्मचारीलाई दिइएको विभागीय सजाय, कर्मचारी बढुवा, कर्मचारी सरुवा समेटिएको छ।

प्रशासकीय इजलासको नेतृत्व पनि उच्च अदालत मातहत रहने व्यवस्था विधेयकमा छ।

जसअन्तर्गत न्यायपरिषद्को परामर्शमा प्रधानन्यायाधीशले तोकेको सम्बन्धित उच्च अदालतको न्यायाधीश अध्यक्ष, न्यायपरिषद्को परामर्शमा प्रधानन्यायाधीशले तोकेको सम्बन्धित उच्च अदालतको न्यायाधीश सदस्य रहने व्यवस्था छ।

राजधानीमा प्रशासकीय अदालत र प्रदेशमा प्रशासकीय इजलास रहने व्यवस्था गरिएको विधेयक राष्ट्रिय सभाबाट संशोधन भएपछि दुवैमा प्रशासकीय इजलास रहने व्यवस्था उल्लेख गरिएको छ। गत २०७५ जेठ २७ गते पूर्वकानुन तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङले प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्मा टेबुल गराउनुभएको थियो।